श्रियै नमः　　　　　　　　　　　　श्रीधराय नमः

❀ श्रीमते रामानुजाय नमः ❀

# वेदस्तुतिः

## श्रीमद्भागवतमहापुराणम्

(दशमः स्कन्धः ८७ अध्यायः)

❀ 'प्रसादामृत' नेपाली भाषा टीका ❀



—चूडामणि शास्त्री

श्रियै नमः । श्रीधराय नमः ॥

॥ श्रीमते रामानुजाय नमः ॥

# वेदस्तुतिः

## श्रीमद्भागवतमहापुराणम्

(दशमः स्कन्धः ८७ अध्यायः)

❀ 'प्रसादामृत' नेपाली भाषा टीका ❀



—चूडामणि शास्त्री

प्रथम संस्करण– २०५२ विजया दशमी

प्रकाशक– श्री भागवत ढकाल

(सर्वाधिकार लेखकमा सुरक्षित)

मूल्य

रु. १६।-

---

**पुस्तक प्राप्ति स्थान–**

१– श्रीवेङ्कटेश छापाखाना ऐठपुर, महेन्द्रनगर [म.अ ]

२– श्री पद्मधर आचार्य

बाँ वारी, विराटनगर [को अ ]

---

मुद्रक→ श्री वेङ्कटेश छापाखाना महेन्द्रनगर, फोन नं. ०६६-२१४१४

# समर्पण

निमित्त बन्नु आज्ञा हो यै बँचोस् प्रार्थना छ यो ।
अध्यात्म तत्त्व वेदान्त प्रसादोत्तम यो भयो ॥
परम्परा बँचेको छ गौरवान्वित व्यक्तिमा ।
बाँट्तै प्रसाद त्यो आफू गर्नु स्वीकृत लोकमा ॥
ज्ञान अज्ञानका मार्ग छुट्याए ऋषिवर्यले ।
विद्या बालक झैं सिक्नु भन्छ कल्याण मार्गले ॥
ज्ञानामृत रसास्वाद भ्रमरो तुल्य भै लिनु ।
बाधाका मार्ग त्यागेर मुमुक्षु पथ यो लिनु ॥
गर्छ औषध थोरैले भवरोग निवारण ।
प्रसादामृत यो स्नेही भक्तमा भो समर्पण ॥

—चूडामणि शास्त्री

# लघु-वक्तव्य

परमसात्विक श्रीमद्भागवत्को 'वेदस्तुति" गहनतम विषयवस्तुले परिपूर्ण छ । लोकमा सम्राट भूपतिको स्तुति–वन्दनामा संलग्न सुत-मागध वन्दीहरूको अनुरुप वेदहरूले पनि सृष्टिको आरम्भमा प्राकृतगुण–रहित परब्रह्म परमात्मा श्रीमन्नारायण प्रभुलाई स्तुति वन्दनाको क्रमले उत्थापन गर्ने बहाना बनाएर सांख्य, योग, कणाद-गौतमका न्याय शास्त्र आदि मोक्षको लागि अति अनुपयुक्त सिद्धगर्दै स्वस्वरूप, परस्वरूप पुरुषार्थ स्वरूप, उपायस्वरूप र विरोधि स्वरूपमा विभक्त भएको अर्थपञ्चक ज्ञान गराउँदै जीवात्मालाई प्रकृति सम्बन्धबाट विमुक्त गराउन, नित्य अनन्त परमानन्द सायुज्य मोक्षको पथ प्रदर्शन गरेका छन् ।

यस्तो सारतम गम्भीर-पद्यात्मक स्तुतिको गद्यपद्यात्मकरूपमा सरल नेपाली भाषामा भाव-प्रदर्शन गर्न कलम चलाउनु भएका आदरणीय प. श्रीचूडामणि शास्त्रीजीको शुभ प्रयास प्रशंसनीय छ ।

उहाँका अनुदित लिखित गीता, सहस्रगीति, वेद आदि पच्चिसौं ग्रन्थले समादर पाए झैं विषय गहन भएर पनि आकारमा लघुरुप यस पुस्तिकाले पनि समादर अवश्य पाउने विश्वास लिएको छु । इति शुभम् ।

—कविराज देवराज आचार्य

श्रियै नमः श्रीधराय नमः

# "वेदस्तुतिः"

## श्रीमद्भागवतमहापुराणम्

(दशमस्कन्ध, ८७ अध्यायः)

परीक्षिदुवाच–

ब्रह्मन् ब्रह्मण्यनिर्देश्ये निर्गुणे गुणवृत्तयः ।
कथं चरन्ति श्रुतयः साक्षात् सदसतः परे ॥१॥

ब्रह्मन् ! ब्रह्म गुणातीत हुनुभो सदसत् पर ।
श्रुति हुन् गुण-वृत्तिका गाए कसरि सर्सर ? ॥

श्री शुकदेवसँग परीक्षित् प्रश्न गर्नुहुन्छ – हे ब्रह्मज्ञ ! चर्मचक्षुले दृष्टिगत नहुने गुणातीत – शुद्धसत्वमय विग्रह भएका साक्षात् प्रकृति र जीवात्मा देखि श्रेष्ठ हुनुहुन्छ । ऊ प्रभुलाई गुणहरूका सहयोगले वृत्तिलिने श्रुतिहरु कसरी गति प्रदानगरेर स्तुति गर्दछन् ?

श्रीशुक उवाच–

बुद्धीन्द्रियमनः प्राणान् जनानामसृजत् प्रभुः ।
मात्रार्थं च भवार्थं च आत्मनेऽकल्पनाय च ॥२॥

ईशले जीवका लागि देहेन्द्रिय र प्राणको ।
जन्म विषय भोगादि मोक्ष खातिर रच्नु भो ॥

श्री शुकदेव भन्नुहुन्छ – मनुष्य आदि प्राणीहरूका निमित्त श्रीभगवान्ले बुद्धि, इन्द्रिय, मन र प्राणहरू विषयभोग, जन्म र परलोकको मोक्ष प्राप्तिका लागि पनि रचना गर्नुभयो ।

सैषा ह्युपनिषद् ब्राह्मी पूर्वेषां पूर्वजैर्धृता ।
श्रद्धया धारयेद् यस्तां क्षेमं गच्छेदकिञ्चनः ॥३॥

त्यै नै उपनिषद् ब्राह्मी पूर्ववर्ती समर्थन ।
श्रद्धाले धारणागर्दा मोक्ष भेट्छन् अकिञ्चन ॥

त्यै नै यो उपनिषद्को ब्रह्ममय रहस्य पूर्वभन्दा पूर्वका महर्षिहरुले स्वीकार गर्नुभएको थियो। जुन अकिञ्चन शरणागतले श्रद्धापूर्वक धारणा गर्दछ भने उसले मोक्षपद प्राप्त गर्दछ ।

अत्र ते वर्णयिष्यामि गाथां नारायणान्विताम् ।
नारदस्य च संवादमृषेर्नारायणस्य च ॥४॥

सुन ती गुण भन्ने छु नारायण समर्थित ।
मुनिनारद सम्वाद ऋषिनारायणोदित ॥

यहाँ तपाईका साथमा श्री नारायण भगवान्का रहस्यले युक्त नारद-मुनिको र श्रीबद्रीनारायण भगवान्को संवाद स्वरुप वृत्तान्त वर्णन गर्दछु।

एकदा नारदो लोकान् पर्यटन् भगवत्प्रियः ।
सनातनमृषिं द्रष्टुं ययौ नारायणाश्रमम् ॥५॥

भक्तनारदको लोक घुम्दै नै भाव यो भयो ।
सनातन ऋषि देख्न बद्रीकाश्रम जानु भो ॥

कुनै समयमा श्री भगवत्प्रिय नारदमुनि लोक-लोकान्तर घुम्दै सनातन श्रीनारायण भगवान्को दर्शन गर्न बद्रीनारायणाश्रममा जानुभयो

यो वै भारतवर्षेऽस्मिन् क्षेमाय स्वस्तये नृणाम् ।
धर्मज्ञानशमोपेतमाकल्पादास्थितस्तपः ॥६॥

क्षमाकल्याण जीवार्थ यै नै भारतमा अहो ।
धर्मज्ञान समादिले आकल्प तप गर्नु भो ॥

जुन भगवान् भारतमा मनुष्यका लागि लोक कल्याण पूर्वक मोक्ष कल्याणार्थ धर्म, ज्ञान र शम दमादियुक्त भएर कल्पका आरम्भदेखि तपस्यामा यथार्थ स्थित हुनुहुन्छ ।

तत्रोपविष्टमृषिभिः कलापग्रामवासीभिः ।
परीतं प्रणतोऽपृच्छदिदमेव कुरूद्वह ॥७॥

त्यहीं नजीकै बस्ने ती बद्रीग्रामस्थका ऋषि ।
प्रणयीपनले घेरी सोधेथे यै कुरो अघि ॥

हे कुरुकुल भूषण राजन् ! त्यहाँ श्री भगवान्सँग चारैतिर बसेका कलापग्राम नामक बद्रीकाश्रम निवासी मुनिहरूले विनयपूर्वक यही तपाईले गरेको प्रश्न सोध्नु भएको थियो ।

तस्मै ह्यवोचद् भगवानृषीणां शृण्वतामिदम् ।
यो ब्रह्मवादः पूर्वेषां जनलोकनिवासिनाम् ॥८॥

ब्रह्मवाद भएथ्यो जो जनलोकी महर्षिको ।
प्रभुले भन्नु भो त्यै नै महर्षिसँग तत्त्व यो ॥

ती सुन्दै गरेका ऋषिहरुले भरिएका सभामा श्रीभगवान्ले नारदजीलाई भन्नु भयो । जुन ब्रह्मसंवाद पूर्ववर्ती जनलोक निवासी सनकादि महर्षिहरूका बीच भएको थियो ।

श्रीभगवानुवाच–

स्वायम्भुव ब्रह्मसत्रं जनलोकेऽभवत् पुरा ।
तत्रस्थानां मानसानां मुनीनामूर्ध्वरेतसाम् ॥९॥

ऋषे ! भयो ब्रह्मसभा जनलोक महाँ अघि ।
सनकादि त्यहीं बस्ने उर्ध्वरेता महर्षिं ती ।।

श्रीभगवान् आज्ञा गर्नुहुन्छ– हे नारदजी ! यो ब्रह्मसभा पूर्व समयमा जनलोकमा निवास गर्ने ब्रह्माका मानवपुत्र उर्ध्वरेता सनकादि महर्षिहरुको भएको थियो ।

श्वेतद्वीपं गतवति त्वयि द्रष्टुं तदीश्वरम् ।
ब्रह्मवादः सुसंवृत्तः श्रुतयो यत्र शेरते ।।
तत्र हायमभूत् प्रश्नस्त्वं मां यमनुपृच्छसि ।।१०।।

श्वेतद्वीप तिमी जाँदा इष्टदर्शन खातिर ।
ब्रह्मसंवाद भो पूर्ण आनन्द श्रुति गोचर ।।
त्यहाँ निश्चयतासाथ त्यै नै प्रश्न भयीरथ्यो ।
यहाँ मसँग त्यै प्रश्न तिम्रो यो अनुवृत्ति भो ।।

तपाइँ आफ्ना ईष्टदेव श्री अनिरुद्ध भगवान्को दर्शन गर्न श्वेतद्वीप गएका समयमा अत्यन्त रहस्यमय सुसंस्कृत ब्रह्मसंवाद भएको थियो । जुन रहस्य अन्तर्गत सबै श्रुतिहरु विश्राम प्राप्त गर्दछन् । त्यहाँ निश्चित् यै तपाइँको प्रश्न भएको थियो, जुन मसँग तपाइँ उस्तै प्रश्न गर्नुहुन्छ ।

तुल्यश्रुततपः शीलास्तुल्यस्वीयारिमध्यमाः ।
अपि चक्रुः प्रवचनमेकं शुश्रूषवोऽपरे ।।११।।

तपः स्वाध्यायशीलादि शत्रुमित्रादिछन् सम ।
तथापि एक भन्ने र अरु सुन्ने बन्यो क्रम ।।

सनक, सनन्दन, सनातन र सनत्कुमार महर्षिहरू समान वेदाध्ययन तपस्या र समान शीलस्वभाव एवं परस्पर तुल्य शत्रु, मध्यम र मित्रहरू भएका हुनुहुन्थ्यो, तदपि एक भाइ वैदिक रहस्य प्रवचन गर्नें र अरू भाइहरू सुन्ने गर्नुहुन्थ्यो ।

सनन्दन उवाच—

स्वसृष्टमिदमापीय शयानं सह शक्तिभिः ।
तदन्ते बोधयाञ्चक्रुस्तल्लिङ्गैः श्रुतयः परम् ॥१२॥

आफ्नो सृष्टि पानगरी सुत्नुभो साथ शक्ति ली ।
त्यो पछि ती लिंदै चिह्न गरेथे श्रुतिले स्तुति ॥

सनन्दन महर्षि भन्नुहुन्छ— श्रीभगवान्ले आफूले सृष्टि गर्नु भएको सम्पूर्ण ब्रह्माण्ड आफूले नै पिउनु भयो अर्थात् आफैंमा लय गर्नुभयो र सम्पूर्ण शक्तिहरू सहित भएर शयन गर्नुभयो । सृष्टिको समय जति नै समय लयावस्थामा राखेपछि पुनरुत्थानका समयमा श्रुतिहरूले उनै प्रभुका कर्तव्यमय चिह्नहरू लिएर उत्थान स्तुतिपूर्वक परम रहस्य गान गर्दै उठाउनु भयो ।

यथा शयानं सम्राजं वन्दिनस्तत्पराक्रमैः ।
प्रत्यूषेऽभ्येत्य सुश्लोकैर्बोधयन्त्यनुजीविनः ॥१३॥

जस्तै सम्राट् सुतेकैमा उन्काली ती पराक्रम ।
बिहानै पुगि गाउँछन् कीर्ति रच्दै मनोरम ॥

जस्ता प्रकारले सुतेका सम्राट्लाई उनैका स्तुति पराक्रम गाउने भाट (गाइने) बन्दिजनहरूले प्रातः समयमा उत्थान मङ्गल श्लोक गाएर उठाउँछन्, त्यस्तै प्रकारले श्रुतिहरूले उत्थान मङ्गल श्लोक गाएर श्रीभगवान्लाई उठाउँछन् ।

(छन्द-नरकूटक)

श्रुतयऊचुः-

जय जय जह्यजामजित दोषगृभितगुणां,
त्वमसि यदात्मना समवरुद्धसमस्तभगः ।
अगजगदोकसामखिलशक्त्यवबोधक ते,
क्वचिदजयाऽऽत्मना च चरतोऽनुचरेन्निगमः ॥१४॥

**जय जय होस् परेश प्रभुको सब जीवगत,**
**प्रकृति प्रकोप नास्न हुनुहुन्छ प्रभाव-युत ।**
**निज अथवा अजासँग हुँदै कहिले प्रभुको,**
**विचरण हुन्छ त्यै श्रुति लिदै गरछौं स्तुति यो ॥**

**अजित ! यत् आत्मना**= हे अजित ! जुन अखिल ऐश्वर्य सम्पन्न दिव्य विग्रहले,

**समवरुद्धसमस्तभगः त्वम् असि**= ज्ञान बलादि शक्ति र सौशील्य वात्सल्यादि अनेकौं दिव्य ऐश्वर्यहरू आफैंमा समावेश गरेरदिव्य विग्रहले रहने भएका हजुर हुनुहुन्छ ।

**अगजगदोकसां दोषगृभीतगुणाम् अजांजहि**= स्थावर, जङ्गम र शरीरधारीहरूका गुणमय पाप एवं जगत् ब्रह्माण्ड परिवर्तन विकृति सहितका समूहहरूको दोष दूषित पार्ने स्वरुप ग्रहण गर्ने भएकी प्रकृतिलाई नित्यका लागि हटाइ दिनुहोस् ।

**ते जय जय**= यस्तो कर्तब्य गर्न समर्थ हजुरको जय होस् जय होस् ।

**अखिल शक्ति अवबोधक !**= ज्ञान, बल, ऐश्वर्य, वीर्यादि शक्तिहरूका उद्बोधक हे प्रभो !,

**क्वचित् अजया क्वचित् आत्मनाच चरेत्=** कहिले सृष्टिका समयमा प्रकृतिले सहित र कहिले स्वयं आफैले मात्र पनि नित्य क्रीडा गर्नुहुन्छ (अत:)

**निगमः अनुचरेत्=** हामी वेद समूहको स्तुति अनुसरण कर्तव्य सुयोग्य छ ।

**टिप्पणी=** श्रुतिहरू जीवात्माहरूलाई अगाध प्रेम गर्दै भन्नुहुन्छ, "सृष्टि भित्र आएका जीवात्मा मोक्षाधिकारी हुन् । अर्चिरादिगति दिन-लाई श्रीभगवत्कर्तव्यपरायण बनाएर, त्यो गतिबाट सप्तावरण पारगरे-पछि प्रकृतिको सूक्ष्म शरीर छुट्दछ र मोक्षावस्थाको दिव्य शरीर प्राप्त हुन्छ । त्यो स्थिति प्रभुले जीवात्मालाई जुटाई दिनुहोस् ।" यो श्रीभगवान् सँग गरिएको प्रार्थना हो । प्रकृति नित्य हुँदा मासिने तत्त्व होइन अत: यहाँ 'जहि' को गत्यर्थकमा प्रयोग भएको छ । महोपनिषद्मा अर्चिरादि-बाट विरजा पुग्दा स्नान हुन्छ र सूक्ष्म शरीर त्यहीं छोडिन्छ ।

**बृहदुपलब्धमेतदवयन्त्यवशेषतया,**
**यत उदयास्तमयौ विकृतेर्मृदि वाविकृतात् ।**
**अत ऋषयो दधुस्त्वयि मनोवचना चरितं,**
**कथमयथा भवन्ति भुवि दत्तपदानि नृणाम् ॥१५॥**

**अवयव शेष हुन् परमका प्रभु प्राप्य बडा,**
**जुन प्रभुबाट छन् उदय-अस्त मृदेव घडा ।**
**अनि ऋषि लाउँछन् प्रभुसँग मन कर्म सब,**
**समतलमा हुँदैन पद खुस्कइ मृत्यु भय ॥**

**बृहत् उपलब्धये शेषतया तत् अवयन्ति=**मोक्ष प्राप्तिका लागि प्रभुशेषीका समस्त जड चैतन्य-शेष हुँनाले ऊ प्रभु मुख्य हुनुहुन्छ भनेर जान्दछन् ।

**यतः उदयास्तमयौ**— जुन प्रभुदेखि सृष्टि स्थिति दुबै कर्तव्य सम्पादन हुन्छन् ।

**अविकृतात् विकृतेमृत् इव**— विकृति नहुने भएका माटाका डल्लादेखि विकृति हुने गाग्रा ढुँडी आदि वस्तुहरुको मृत्पिण्ड स्थिति सरह (अरु विश्वगत जड चैतन्य सृष्टिहरुको अविकृत परब्रह्मबाट उत्पन्न स्थिति पनि त्यस्तै रहस्यको संस्मरण गर्नु पर्दछ ।)

**अतः ऋषयः त्वयि मनोवचनाचरितं दधुः**— यस कारणले त्रिकालज्ञ रहस्यद्रष्टा ऋषिहरुले मन र वचन सहितले गरिने आचरण समूहलाई हजुरमा समर्पण गरे ।

**नृणां भुवि दत्तपदानि**— मनुष्यहरुका निमित्त समतल भूमिमा राखिएका पाऊहरु–

**कथम् अयथा भवन्ति**— कसरी व्यर्थ हुन सक्तछन् र ? (अर्थात् अभरिला वृक्षादिमा टेकेर रहे जस्तो भयभीत हुनु पर्दैन अथवा प्रभुका आश्रितले जन्म मृत्यु आदिको भय लिनु पर्दैन ।

**टिप्पणी**— अवयव विश्वब्रह्माण्डका सबै वस्तुहरु ईश्वरका शेष वस्तु हुन्, प्रभु शेषी हुनुहुन्छ । शेष वस्तुले यथार्थरुपमा शेषी प्राप्त गर्नु बृहत् कर्तव्य हो, यो बृहत् कर्तव्य मोक्ष हो । नित्य भगवत् कर्तव्यमा कर्म ज्ञान भक्तिलाई अङ्ग बनाएर अङ्गी शरणागतिद्वारा प्राप्य प्रभु स्वीकार गर्दा मन एकत्व प्रभुमा लागेर मोक्ष मिल्दछ ।

**इति तव सूरयस्त्र्यधिपतेऽखिललोकमल-**
**क्षपणकथामृताब्धिमवगाह्य तपांसि जहुः ।**
**किमुत पुनः स्वधामविधुताशयकालगुणाः,**
**परम भजन्ति ये पदमजस्रसुखानुभवम् ॥१६॥**

**प्रभुमय यो कथा रटि डुबीकन सूरिवर,**
**क्षयगरि लोक पाप सब छन् अनि ताप पर ।**
**अभक्त अनुभूति छन् विलय रूप गुणादि सब,**
**परम भजेर यो पद अपार सुखानुभव ॥**

**त्र्यधिपते ! परम !** = हे त्रैलोक्यपते ! हे परम तत्त्व !,

**स्वधाम विधुताशयकालगुणाः सूरयः**= नित्यधामस्वरुप परतत्त्वका नित्य स्मरणले अन्तस्करणका वासनामय गुण र कालकृत भूकम्पादि भयदेखि स्वतः निवृत्त हुनु भएका नित्यपार्षदादि अवतरित सूरिवृन्दहरूले,

**तव अखिललोकमलक्षपणकथामृताब्धिम् अवगाह्य**= हजुरका समस्त लोक–मल पाप नाशक कथा स्वरुप अमृत सागरमा डुबुल्की लगाएर,

**तपांसि जहुः**= आधिदैविक, आधिभौतिक र आध्यात्मिक तापहरु परित्याग गरे ।

**ये पदमजस्रसुखानुभवं भजन्ति**= जो नित्यधाममा रहेर श्रीभगवत् पादारविन्द नित्य स्मरण गर्दै सुखानुभव प्राप्त गर्दछन् भने,

**ते पुनः किमुत**= ती नित्य सूरिहरुको विषय लिएर के भन्नु छ र ?

**टिप्पणी**= नित्य सूरिहरू अवतरित हुँदा जुन अनुभव गर्नुभयो, त्यो यो लोकको अनुभवले पनि श्रीभगवत् प्राप्तिको सुखानुभव जस्तै आनन्दानुभव भएको सूरिवर्यका दिव्य प्रबन्धकाव्यहरूबाट प्रत्यक्ष देखन पाइन्छ। पुनः नित्यधाममा नै जुन श्रीभगवत् कैङ्कर्य सम्मग्न भएर सुखानुभव गर्नु भएको छ त्यो आनन्दको प्रतिपादन भूलोक निवासीबाट हुन सक्दैन । त्यो मोक्षावस्थामा नित्यसूरि र मुक्तहरुको कयै पनि भेद हुँदैन । त्यो रहस्य बुझेर मानव जीवनमा भगवत् प्राप्तिको मुख्य उपाय श्री भगवत् तन्मयतालाई विस्मरण गर्नु हुँदैन ।

दृतय इव श्वसन्त्यसुभृतो यदि तेऽनुविधा,
महदहमादयोऽण्ड मसृजन् यदनुग्रहतः ।
पुरूषविधोऽन्वयोऽत्र चरमोऽन्नमयादिषु यः,
सदसतः परं त्वमथ यदेष्ववशेषमृतम् ॥१७॥

प्रभुगत होस प्राण भृत त्यो छ खलाँति सरी,
रचित महत् अहं जग भए सु अनुग्रह को ।
पुरूष विधान अन्नमय हो ऊ समस्तप्रति,
जड अजडादिमा परम मुख्य परेश अति ॥

यदि महत् अहम् आदयः= यद्यपि महत्तत्त्वस्वरुप ब्रह्मा र अहम् तत्त्व स्वरुप शिव आदिमूल प्रकृतिहरू आफ्नै महत्त्वका सृष्टिहरु गर्दछन् ।

तथापि, यत् अनुविधाः = ते अनुग्रहतः अण्डम् असृजत्= यत्पदवाच्य प्रभुका अनुबन्धनमा रहने हुँदा हजूरका अनुग्रहले ती ह्माण्ड रचना गर्न समर्थ भए ।

यदि असुभृतः दृतयः इव श्वसन्ति= यदि आफ्नो प्राणपोषक स्वार्थी मात्र छन् भने ती लोहारको खलाँती जस्तै फोस्रो फुस्स फुस्स श्वास प्रश्वास गर्दछन्, अर्थात् विफल श्वास फेर्दछन् ।

अत्र पुरूषविधः अन्वयः अन्नमयादिषु चरमः= यस विषयमा पुरूषाकार अनुकरण गर्दा अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोषहरूमा (तै. उ. ब्रह्मानन्दवल्ली ८) अन्त्य सीमान्तरूप,

यः सदसतः परं त्वम्= जुन हजुर जीव र प्रकृतिदेखि श्रेष्ठ हुनुहुन्छ,

अथ येषु यत् अवशेषमृतम्= यो पञ्चकोष मध्येका अन्त्यमा

अवशिष्ट पुच्छ भनेर उपनिषद्ले प्रतिपादन गरिएका आनन्द स्वरूप हजुर नै हुनुहुन्छ ।

**टिप्पणी**— यदि मानव जन्म प्राप्त गरेर मोक्षको इच्छा गरिदैन र मोक्षार्थ श्रीप्रभुका चरणारविन्दको शरणाश्रय स्वीकार गरिदैन भने लोहारका आरनको खलाँती तुल्य त्यो व्यक्तिको श्वास फेराइ निरर्थक हुन्छ । उपनिषद्को आनन्दमय निर्णयबाट अन्तिम सीमान्त आनन्द परब्रह्म प्रभुसँग मात्र छ, यो सायुज्य मोक्षमा मात्र प्राप्त हुन्छ ।

**उदरमुपासते य ऋषिवर्त्मसु कूर्पदृशः,**
**परिसरपद्धतिं हृदयमारुणयो दहरम् ।**
**तत उदगादनन्त तव धाम शिरः परमं,**
**पुनरिह यत् समेत्य न पतन्ति कृतान्तमुखे ॥१८॥**

**कति त उपासनाबि ऋषिमार्ग भित्रै उदर,**
**गति परिवर्तनीय अभ्र आरुणको दहर ।**
**उमगत भै अनन्त प्रभु धाम शिरोन्नतमा,**
**पुगि अनि हुन्न यो यम मुखो तिर जन्म यहाँ ॥**

**ऋषि वर्त्मसु ये**— ऋषि सम्प्रदाय शंकराचार्यानुयायीका मार्गहरूमा जुन विभिन्न धारणाका ऋषिहरू छन् ती,

**कूर्पदृशः उदरम् उपासते**— प्राणायामविद्याका भेदहरूमा कूर्पनामक रजोदृष्टि भएका नेत्रविद्या उपासक भन्दा उत्कृष्ट दहरनामक उदरस्थ मणिपूरचक्र सूक्ष्म हो भनेर उपासना गर्दछन् ।

**आरुणयः परिसरपद्धतिं हृदयं दहरम्**— आरुण सम्प्रदायाचार्यहरूले विस्तार- विस्तारै अलिअली गरेर अगाडि बढाउने पद्धतिलाई लिएर हृदयका विशुद्ध नामक चक्रमा दहर विद्या सूक्ष्म यै हो भनेर उपासना गर्दछन् ।

**ततः उदगात् तवधाम**= तर सूक्ष्म र परिपूर्ण त्यहाँदेखि उत्पन्न भएर नाभी प्रदेश घुमेर मेरूदण्डहुँदै जाने मार्गबाट भेटिने हजूरको धाम,

**शिरः परमम्**= शिर प्रदेशको परम तेजोमय सहस्त्रदल कमल हो,

**यत् समेत्य इह पुनः**= जुन धामलाई प्राप्त गरेर यो लोकमा अरू पटक फेरी-,

**कृतान्तमुखे नपतन्ति**= मृत्यु मुख संसारमा पर्दैनन् ।

**टिप्पणी**= प्राणायामबाट सिद्ध गरिने योग मार्गमा दहर विद्या षड्चक्र चिन्तनले सिद्धमार्ग स्थिर गर्ने ऋषिहरूको सिद्धान्त रजोगुण प्रधान चिन्तन हो र यो मार्गको कठिन सिद्धान्त अन्तर्गत अन्तर्यामी परब्रह्म प्रधान मानेर षड्चक्र भेदन पूर्वक मूलबन्ध, जालन्धरबन्ध र उड्डीयनबन्ध सिद्ध भएपछि मेरूदण्डमा प्रवेश भएका प्राणायामद्वारा शिरः प्रदेशको सहस्त्रदल कमलमा परब्रह्मको दिव्य - ज्योति दर्शन मिल्दछ यो मुख्य समाधि र मुख्य योग हो, यो योगमा अन्तर्यामित्व मुख्य मान्ने योगी अन्तिम परब्रह्मोपासनाले प्राण त्याग्दा मोक्ष हुन्छन् र जन्म-मरणको पुनरावृत्ति हुँदैन ।

**स्वकृत विचित्रयोनिषु विशन्निव हेतुतया,**
**तरतमतश्चकास्स्यनलवत् स्वकृतानुकृतिः ।**
**अथ वितथास्वमूष्ववितथ तव धाम समं,**
**विरजधियोऽन्वयन्त्यभिविपण्यव एकरसम् ॥१६॥**

**स्व रचित विचित्र योनि गत भैं अरू कारण लो,**
**अति विविध स्वयं अनलवत् स्व कृतित्वप्रति ।**
**अभ अलगे यिनी न त अलग्ग ॐ धाम सम,**
**अनुकृतिले सफा विविमयत्व रसैक सम ॥**

स्वकृत विचित्रयोनिषु= आफुले रचना गरेका अनेकौं विचित्र योनिहरुमा,

**हेतुतया विशन् इव=** विभिन्न वासनाका समूहलाई कारण निमित्त मान्दै ती सबैसँग प्रवेश भए जस्तै गरेर,

**स्वकृतानुकृतिः अनलवत्=** आफ्नो नित्य रचनाका अनुप्रवेशका अनुकरणले अग्नि तुल्य भएर,

**तरतमतः चकास्सि=** आफ्नै तारतम्य पूर्वक प्रकाशित हुनुहुन्छ।

**अथ अमूषु वितथासु=** यस प्रकारको प्रभुको अनुप्रवेशपछि यी विभिन्न रूपमा फैलिएकाहरुमा,

**विरजधियः अभिविपण्यवः तव धाम समम्=** रजोविचार नभएका शुद्ध सत्त्व सिद्धान्ती भक्त विगत विचारक विद्वानहरु हजुरकै नित्यधाम समान मान्दै,

**एकरसम् अवयन्ति=** समस्त ऐश्वर्य सम्पन्न श्रीभगवान् हुनुहुन्छ भनेर जान्दछन्।

**टिप्पणी=** उक्त (श्लोक १८ को) दहर विद्यामा रजोगुणभित्र पर्ने लोक सिद्धिभित्रका उपासना गौण हुन्। केवल सहस्रदल कमलभित्र परब्रह्मको अन्तर्यामित्व स्वीकार गरेर गरिने समाधि मात्र मोक्षार्थं सम्मानित छ।

**स्वकृतपुरेष्वमीष्वबहिरन्तरसंवरणं,**
**तव पुरुषं वदन्त्यखिल शक्तिधृतोंऽशकृतम्।**
**इति नृगतिं विविच्य कवयो निगमावपनं**
**भवत उपासतेऽङ्घ्रिमभवं भुवि विश्वसिताः ॥२०॥**

**स्वकृत शरीर यी सँग-सँगै बहिरहन्तर भै,**
**कथन भएर जीवकन अंश त्वदीय सबै।**

**यहि छ विवेच्य चित् परमको श्रुति विस्तरण,**

**अमब उपास्य हुन् ऊ प्रभुपाद सुविश्वसन ॥**

**अमिषु स्वकृतपुरेषु=** यी विविध विचित्ररूपले स्वय प्रभुबाट रचित शरीरधारीहरुमा,

**अबहिरन्तरसंवरणम्=** अखिल बाह्य जगत् सहित अन्तस्करण पर्यन्त अन्तर्यामी स्वरुपले रहेर,

**अखिलशक्तिधृतोंशकृतं पुरुषम्=** समस्तशक्तिलाई धारण गर्ने प्रभु आफ्नै अंशका रचयिता परपुरुष हुनुहुन्छ भन्दै,

**तव वदन्ति=** तपाइँको पर स्वरुपज्ञाता विद्वान्हरु भन्दछन् ।

**इति नृगतिम् विविच्य=** यस प्रकारको अन्तर्यामित्व विशिष्ट जीवात्माका गतिलाई विवेचना गरेर,

**विश्वशिताः कवयः=** विश्वस्त भएका सिद्धान्त रहस्यज्ञ कविहरु

**भवतः अङ्घ्रिभवम् निगमावपनम्—** हजुरका पादारविन्दबाट उत्पन्न विश्व रहस्य लिएर वेदबिस्तारको बीजारोपणलाई,

**भुवि उपासते=** पृथ्वीमा उपासना गर्दछन् ।

**टिप्पणी=** सर्वविध समर्थ परब्रह्माको मोक्षार्थं गरिने उपासनामा उक्त योगानुकूल दहर विद्या कठोर मार्ग हो यो रहस्य बुझेर श्रुति सहित परिपूर्ण शास्त्र रहस्यज्ञ कविहरु परतत्त्व त्रिपाद् विभूतिनायकलाई जानेर ऊ प्रभुका शरणागतिका आधारले गरिने पादारविन्दको उपासना मोक्षार्थ मुख्य उपाय मान्दछन् ।

**दुरवगमात्मतत्त्व निगमाय तवात्ततनो,**

**चरितमहामृताब्धि परिवर्तपरिश्रमणाः ।**

**न परिलषन्ति केचिदपवर्गमपीश्वर ते,**

**चरणसरोजहंस कुलसङ्ग विसृष्टगृहाः ॥२१॥**

श्रुति कठिनोक्त आत्मसँध ईशतनुक्त छुने,
चरित महामृताब्धिगत भै श्रम नित्य लिने ।
न त अपवर्ग इच्छित लिनन् महनीय प्रभ,
तव पदपद्म हंससँग भै परित्यक्त गृह ॥

आत्ततनोः तव— समस्त ऐश्वर्य लिएर अवतार स्ववीकार गर्नें भएका तपाईंको,

ईश्वर ! आत्मतत्व निगमाय दुरगमम् हे स्वामिन् ! परमात्मतत्व बुझ्न वेदका लागि पनि कठिन छ ।

चरणसरोजहंसकुलसङ्गविसृष्टगृहाः— ती हजुरका चरणारविन्दमा संलग्न परपराकासत्सङ्गमा संलग्न भएर गृहाशक्ति परित्याग गरेका परम भागवतहरु,

चरितमहामृताब्धि परिवर्तपरिश्रमणाः= श्रीभगवत् चरित्र स्वरुप महासागरका अमृतमा निमग्न भएर परिबर्तन हुँदै गरेर परिश्रम गर्ने भएका,

ते केचित् अपवर्गम् अपि= ती हजुरका चरणारविन्दमा संलग्न भक्ति भिन्न मोक्ष पनि,

न परिलसन्ति= इच्छा गर्दैनन् ।

टिप्पणी= प्रकृतिका वसवर्ती मानवका ज्ञानबाट अवतरित प्रभुको महिमा ज्ञान गरेर मोक्ष हस्तगत गर्दछौं भन्नु अभिमानकै अन्तर्गत भएका विचार हुन् । श्री प्रभुको महिमा यथार्थ गर्न वेद पनि असमर्थ छन्, अतः शरणागति पूर्वकका भक्तिले प्रभु प्राप्त हुनुहुन्छ । अतः भक्तहरु मोक्ष पनि इच्छा नगरेर सत्सङ्ग पूर्वकका भक्तिमात्रको इच्छा राख्दछन् ।

त्वदनुपथं कुलायमिदमात्मसुहृत्प्रियव-
च्चरति तथोन्मुखे त्वयि हिते प्रिय आत्मनि च ।

न बत रमन्त्यहो असदुपासनयाऽऽत्महनो,

यदनुशया भ्रमन्त्युरुभये कुशरीरभृतः ॥२२॥

त्वदनुपथोय भूगत पिक्षी स्वसुखोक्ति लिने,

प्रिय प्रभु उन्मुखी हित तजेर घमण्ड लिने ।

अनुगत हुन्न त्यो असत सेवक आत्महवी,

कुकृतक घुम्दछन् भय ठूला लिइने तन लौ ॥

त्वत् इदम अनुपथं कुलायम्= तपाइँको जुन यो अनुगामी मार्ग हो त्यो पृथ्वीका मानवमात्र संलग्न हुन सकिने सम्प्रदाय हो र,

आत्मसुहृत्प्रियवत् चरति= त्यो आत्मा, मित्र र प्रियपात्रले गरिने हिततुल्य हित गर्ने हुन्छ अतः भक्त प्रभुमा संलग्न हुन्छ ।

तथा उन्मुखे त्वयिहिते प्रिय आत्मनि च= तथापि यो लोक-देखि ऊ लोकसम्म मोक्ष दिन उत्सुक तपाइँमा आत्मका प्रिय हितका निमित्तमा पनि,

आत्महनः असत् उपासनया= आत्मा हनन गर्ने व्यक्ति असत् कुसङ्गमा लाग्ने स्वभाव बनाएका कारणले,

अहोवत् न चरन्ति= आश्चर्यजनक खेद छ लाग्दैन ।

अत् अनुशया कुशरीरभृतः= जुन कुसङ्गको अनुसरण गर्नाले देहान्तमा कुशरीर धारण गरेका ती व्यक्ति,

उरूभये भ्रमन्ति= अत्यन्त भयभीत अवस्थामा घुम्दछन् ।

टिप्पणी= यस संसारमा मुख्य प्रथमाचार्य श्रीपति भएको सम्प्र-दाय कुलधर्ममा आदरपूर्वक स्वीकार गर्नु पर्ने सम्प्रदाय हो यी सम्प्रदायमा बन्धु, प्राणप्रिय र हित विस्वस्त परम प्रभु हुनुहुन्छ । इतर देवताका उपासक आत्मघातीले नरक भोगेर कुत्सित शरीरादिमा जन्म लिन्छन् ।

निभृतमरुन्मनोऽक्षदृढयोगयुजो हृदि य-

न्मुनय उपासते तदरयोऽपि ययुः स्मरणात् ।

स्त्रिय उरगेन्द्रभोग भुजदण्डविषक्तधियो,

वयमपि ते समाः समदृशोऽङ्घ्रिसरोज सुधाः ॥२३॥

खिचि मन वायु नेत्र गरियोग हृदिस्थ दृढ,

मुनिसरि शत्रुको पनि गति समता सुदृढ ।

प्रभु भुजदण्ड सक्त रमणी पनि तुल्य गति,

श्रुति पनि तौ समान पद इच्छित छौं सुमति ॥

**यत् निभृत मरुत् मनः अक्षदृढयोगयुजः मुनयः**=संयमित प्राण मन र दृष्टि गर्दै दृढयोग गर्ने भएका मुनीहरू परमपद पुगे ।

**अरयः अपि स्मरणात् ययुः**= शत्रुहरू पनि स्मरणका कारणले त्यै स्थानमा पुगे ।

**स्त्रियः उरगेन्द्र भोग भुजदण्ड विषक्तधियः अपि ययुः**= स्त्री जातीय गोपिनीहरू नागेन्द्र जस्ता श्रीभगवान्‌का भुजदण्ड अङ्कमाल गर्न आसक्त बुद्धि भएका ती पनि त्यै पदमा पुगे ।

**अङ्घ्रिसरोज सुधाः**= पादारविन्द राम्रो प्रकारले धारण गर्ने भएका ।

**समदृशः वयम् अपि ते समाः**= समान दृष्टि राख्ने हामीहरू पनि ती सबै समान जुनरूपमा भए पनि एकत्व विचार राख्तछौं ।

**टिप्पणी**= जस्तो विचारको भएर भए पनि प्रभुको स्मरण गर्नेहरू भक्तको गति प्राप्त गर्दछन् र नित्य भगवत्स्मरणको अभ्यास राख्नु जीवनको मुख्यता हो ।

क इह नु वेद बतावरजन्मलयोऽग्रसरं,
यत उदगादृषिर्यमनु देवगणा उभये ।
तर्हि न सन्न चासदुभयं न च कालजवः,
किमपि न तत्र शास्त्रमवकृष्य शयीत यदा ॥२४॥

जस पछि जो भए लयसँगै न त सृष्टि बुझे,
जस गत यी यता ऋषि र देवगणादि भए ।
तर पनि सत् असत् न त उता न त काल जब,
लय गरि सुत्नु हुन्छ प्रभु ता न त शास्त्र सब ॥

यम् अनु उभये ऋषिः देवगणाः उदगात्= जुन प्रभुदेखि पछि उभय ब्रह्मा र देवगण दुई सृष्टि भए ।

बत यतः अवर जन्मलयः अग्रसरं नु क्व इह वेद= खेदको विषय छ जुन प्रभु देखि पछि सृष्टि र लय अग्रसर छ निश्चित यो विषय कसले यहाँ जान्यो ? (अर्थात् ब्रह्मा र देवगण हामी सृष्टि कर्ता हौं, भन्दछन् हामीले भगवत् आज्ञापालन गरेका हौं भन्दैनन् ।)

तर्हि न सत् न असत् उभयं न= ती ब्रह्मा र देवगण को वक्तव्य ठीक हो भन्ने हो भने सृष्टि भन्दा पहिले न त जीव समूह न त प्रकृति उभयपक्ष अन्यत्र थिएनन् प्रभुसँग थिए ।

न च काल जवः= न ता कालको वेग थियो ।

तत्र शास्त्रम् अवकृष्य यदशयीत किमपि न= त्यो लयावस्थामा शास्त्र समूहलाई खिचेर जुन प्रभु सुत्नु भो त्यो समयमा कयं पनि थिएन ।

टिप्पणी= पछि सृष्टि हुने मुख्य मोक्षदाता हुन सक्दैनन् र को

मुख्य परब्रह्म हुन् भनेर भ्रममा पर्नु पर्दैन जसबाट अरु सृष्टि हुन्छन् उनै प्रथमतत्त्व परब्रह्म हुँदा उपास्य र मोक्षदाता हुन्।

**जनिमसतः सतो मृतिमुतात्मनि ये च भिदां,**
**विपणमृतं स्मरन्त्युपदिशन्ति तः आरुपितैः।**
**त्रिगुणमयः पुमानिति भिदा यदबोधकृता,**
**त्वयि न ततः परत्र स भवेदवबोधरसे ॥२५॥**

**सउदय चित् अचित् सँग छ नाश र भेद कहे,**
**अधिक छ सत्य यो भनि प्रमाण कुतर्क कहे।**
**त्रिगुणमयत्व भेद छ पुमान् भनि मूर्ख बने,**
**रसघन दिव्यमा न त यता न उता बनिने ॥२५॥**

**असतः सतः जनिम् मृतिम्**— साङ्ख्याचार्यहरू प्रकृति देखि जीवात्माको सृष्टि र जगत्को उत्पत्ति निर्णय बताउँदछन्।

**ये च आत्मनिभिदां स्मरन्**— जुन साङ्ख्यवादीहरू आत्माका समूहमा भेदपूर्वक यस प्रकार सम्झदैं।

**आरुपितैः ते उपदिशन्ति**— आरोपित तर्कद्वारा ती उपदेश गर्छन्

**त्रिगुणमयः पुमान् इति भिदा अवबोधकृता**— न्यायाचार्यहरू त्रिगुणमय परब्रह्म छन् भनेर यस्तो भेद पूर्वक बताउँछन् तर यो वक्तव्य ब्रह्मसूत्र, उपनिषद्हरूको बोध नभएर न्याय शास्त्र बनाएका हुन्।

**तत त्वयि अवबोधरसे**— त्यो शास्त्र अवबोधदेखि परका उपनिषदादि शास्त्रले निरूपण गरिने तपाईं परिपूर्ण शास्त्र बोधबाट रसस्वरूप

ज्ञान गर्न सकिने परब्रह्ममा त्यो निर्णय,

**स परत्र न भवेत्** = त्यो अवबोधदेखि परत्र अरु क्यै हुन सक्तैन।

**टिप्पणी** = नवीन साङ्ख्य शास्त्रले प्रकृति र जीवहरूको मात्र सृष्टि बताउने र कैवल्य मोक्ष मात्र प्रतिपादन गर्ने हुँदा सायुज्य मोक्ष प्राप्त गर्न सक्तैनन्। त्यायले परब्रह्मलाई नै त्रिगुणमय छ भन्दछन् यी परब्रह्ममा आदर नहुनाले पनि सायुज्य मोक्षमा वञ्चित छन्। अतः वैदिकोपनिषदहरूको शरण्य प्राप्त गर्न शरणागति मुख्य उपाय हो, भन्ने सिद्धान्त यथार्थ सिद्धान्त हो।

**सदिव मनस्त्रिवृत्त्वयि विभात्यसदामनुजात्,**
**सदभि मृशन्त्यशेषमिदमात्मतयाऽऽत्मविदः।**
**न हि विकृतिं त्यजन्ति कनकस्य तदात्मतया,**
**स्वकृतमनुप्रविष्टमिदमात्मतयावसितम् ॥२६॥**

**मनगत चित् पनि गुण लिंदा सप्रतीत छ यो,**
**प्रकृति मनुष्य यो कथित सत्य सुतत्त्व छ यो!**
**सुन गहना हुँदा न त हुने परित्यक्त यता,**
**स्वकृत अनुप्रविष्ट अवशिष्ट यथार्थ यता ॥**

**त्रिवृत् मनः सत्** = सत्व, रज, तमोगुण यी तीनले युक्त मन सप्तावरण प्राप्त गरेको जीवात्मा,

**आमनुजात् असदात्** = समस्त मनुस्य सहित प्रकृतिदेखि लिएर,

**अशेषम् इदम्** = समस्त यो ब्रह्माण्डलाई।

**आत्मविदः आत्मतया विभाति त्वयि इव** = आत्मतत्त्व रहस्यज्ञ

बिशिष्टाद्वैतानुयायी विद्वान्हरू अन्तर्यामीतया हजुरमा जस्तै नित्यत्व सत्यत्व प्रकाश छ यो रहस्यको उदाहरण यस्तो छ–

**कनकस्य विकृति तदात्मतया न त्यजन्ति**= सुवर्णको विकृति गहनालाई सुवर्णको तदात्म स्वरूप हुँदा गहना बनेको हुँदा यो सुवर्ण होइन भनेर कसैले पनि त्याग्दैनन् यं सिद्धान्त मानेर,

**स्वकृतम् अनुप्रविष्टम् इदम् आत्मतया अवसितम्**= स्वयं परमात्माद्वारा रचित स्वयं अनुप्रविष्ट यो जगत् पनि अन्तर्यामित्व परमात्मतया नित्यत्व सत्यत्वको रहस्यमय सिद्धान्त परित्याग गर्दैनन्।

**टिप्पणी**= सत्यबाट उद्भववस्तु सत्य नै हुन्छ, सुवर्णबाट बनेका गहना सुवर्ण नै हुन्छन्। अतः ब्रह्मोद्भवसृष्टि पनि ब्रह्म सत्य भएकाले नै सत्य हो। त्यसैले सृष्टि भित्रका प्रतिष्ठित प्रतीकमा परब्रह्मोपासना गरेर मोक्ष प्राप्त हुन सक्तछ।

**तव परि ये चरन्त्यखिलसत्त्वनिकेततया,**
**त उत पदाऽऽक्रमन्त्यविगणय्य शिरो निर्ऋतेः।**
**परिवयसे पशूनिव गिरा विबुधानपि तां-**
**स्त्वयि कृतसौहृदाः खलु पुनन्ति न ये विमुखाः ॥२७॥**

**प्रभु सब जीवका गृह बुझी जुन सेवक छन्,**
**शिर प्रति कालका पदगरी उनी मस्त हुनन्।**
**पशुसरि वाक्यका बिबुध ती पनि बाँधि लिने,**
**प्रभु प्रिय हुन् पवित्र गरने बिमुखी नहुने ॥**

**अखिलसत्त्वनिकेततया ये तव परिचरन्ति**=समस्त प्राणीहरूका

आधार गुरु भएका कारणले जो भक्तजन हजुरको परिचर्या गर्दछन् अर्थात् कैङ्कर्य गर्दछन् ।

**ते उत निरितेः शिरः प्रविगणय्य पदा क्रमन्ति**= ती भक्तले देहान्त उप्रान्त आत्मगमन हुँदा आचार्यसँग कालका शिरमा क्यै पनि महत्त्व नदिईकन आफ्ना पाउले आक्रमण गर्दछन् अर्थात् कालका शिरमा आफ्ना पाउ राख्तछन् ।

**त्वयि कृतसौहृदाःखलु पुनन्ति**= तपाई परब्रह्ममा मित्रता भाव गर्ने भएका भक्तहरु पवित्र हुन्छन् ।

**ये विमुखाः तान् विवुधान् अपि**= जुन श्रीभगवान्‌देखि विमुख छन् ती विद्वान्‌हरूलाई पनि,

**गिरा पशून् इव परिवयसे**=आफ्ना उपदेशद्वारा सचेत पार्नुहुन्छ, नमान्दा पशूहरूलाई बन्धनमा राखेजस्तै बन्धनमा राख्नु हुन्छ, अर्थात् आफ्ना भगवतोपदेश (गीता ७/१४—१५ र गीता १६/१६) द्वारा प्रबोध पार्नु हुन्छ । श्रीभगवत्तत्त्व विमुख हुँदा अन्य विषयका बिद्वान् भएता पनि ती पापानुयायीलाई परलोकमा नरकादि सजायदिने बन्धनमा राख्नु हुन्छ ।

**त्वमकरणः स्वराडखिलकारकशक्तिधर-**
**स्तव बलिमुद्वहन्ति समदन्त्यजयानिमिषाः ।**
**वर्षभुजोऽखिलक्षितिपतेरिव विश्वसृजो,**
**विदधति यत्र ये त्वधिकृता भवतश्चकिताः ॥२८॥**

**प्रभु सबकारकाऽकरणशक्ति प्रकाश हुने,**
**सबसँग ली प्रजादि लय भेट यथार्थ दिने ।**

**अधिन हुने नृपेन्द्रसँग झैं प्रभुसाथ सब,**

**चकित हुँदै समर्पण गरे अधिनस्थ सब ।।**

**अखिलकारकशक्तिधरः त्वम् अकरणः स्वराट्**= समस्त इन्द्रियहरू र ब्रह्मादि देवताका शक्तिलाई धारण गर्नुहुन्छ र तपाई ती सबै का साथमा हुने आसक्ति भिन्न हुनुहुन्छ र स्वयं प्रकाशतत्त्व हुनुहुन्छ अर्थात् स्वयं परतत्त्व देहदेही रहित र अरु ब्रह्मादि देवता देहदेही र इन्द्रियादि पृथक् भएका तत्त्व अन्तर्गत गणना भएका छन् । अथवा परब्रह्मतत्त्वले तत्तत् इन्द्रियहरूलाई तदनुरुप प्रेरणाशक्ति र स्वयं प्रभुसेव्य र अरु देवता-हरू सेवक हुन् ।

**अतः अनिमिषाः अजयासम् अदन्ति**= यस कारणले ब्रह्मादि देवताहरू प्रकृतिद्वारा आफू भोग भोग्दछन् र,

**तव वलिम् उद्वहन्ति**= तपाई प्रभुका निमित्त समर्पण योग्य निश्चित द्रव्यले पूजा गर्दछन् ।

**अखिल क्षितिपतेः वर्षभजः इव**= जस्तै समस्त भूमण्डलका सम्राट्लाई अधिकार भित्र राखिएका प्रान्तीय राजाले निश्चित तोकिएको धनराशि समर्पण गरे जस्तै गरेर,

**यत्र भवतः तु अधिकृता चकिता विश्वसृजः दधति**=यस बिष-यमा तपाईले अधिकारमा राखिएका चकित ब्रह्मादि देवताहरू हजुरका विधानलाई स्वीकार गर्छन् ।

**टिप्पणी**= समस्त शक्तिहरू श्रीभगवान् कै अधिनमा रहन्छन् । यसकारणले ब्रह्मादि देवताहरूले परब्रह्मलाई नियमित सौगातले अर्चना गर्दछन् । जस्तै— समस्त पृथिवीका राजालाई अरु सामन्त राजाहरू

निश्चित कर नियमित रूपले समर्पण गर्दछन्। यो बुझेर परतत्त्व प्रभुको मात्र मुख्य उपासना योग्य हो।

**स्थिरचरजातयः स्युरजयोत्थनिमित्तयुजो,**
**विहर उदीक्षया यदि परस्य विमुक्त ततः।**
**न हि परमस्य कश्चिदपरो न परश्च भवेद्,**
**वियत इवापदस्य तव शून्यतुलां दधतः ॥२६॥**

**स्थिर चर उद्भवादिक निमित्त अजासँग दी,**
**विहरण ईक्षणान्वित हुँदा प्रभु मुक्त अति।**
**न त पर–ईशका स्व–पर कोहि कुनै गनिने,**
**वियत सरी प्रताप प्रभुको अति सूक्ष्म हुने ॥**

**स्थिर चर जातयः उदीक्षया यदि विहरः**= स्थावर-जङ्गम रूप ग्रहण गर्ने जीवात्माहरू हजुरका ईक्षण कर्मले प्रभावित पार्दै यदि विहार गर्नुहुन्छ भने,

**अजया उत्थनिमित्तयुजः स्युः**= प्रकृति सहित सृष्टि कर्मका उत्थानपरक लिङ्गशरीरादिमा पनि प्रभु आज्ञाका निमित्त संयोजक निश्चित ती हुन्।

**परस्य विमुक्त ततः**= यसकारणले परमात्माको निर्लेप स्वच्छता सिद्ध हुन्छ।

**वियत इव अपदस्य तव शून्य तुलांदधतः**= अतः आकाश जस्तै अवाङ्मनसगोचर यथार्थ स्वरूप निरूपण गर्न नसकिने शून्य साम्य निर्लेप

प्रेरकस्वरूप धारण गर्नुहुन्छ ।

हि परस्य अपर नपरश्च न भवेत्= निश्चय पनि परम प्रभुका स्वकीय र परकीय पनि हुँदैनन् ।

टिप्पणी= श्रीप्रभुले जीवात्माहरू सञ्चालन गर्ने प्रकृतिलाई गुणकृत वासना प्रदान गर्ने अधिकार दिनुभयो र स्वयं आफू सबैमा समताभाव राख्नुहुन्छ । यसै कारणले परब्रह्मोपासना गर्ने सबैको अधिकार रहन्छ ।

अपरिमिता ध्रुवास्तनुभृतो यदि सर्वगता-
स्तर्हि न शास्यतेति नियमो ध्रुव नेतरथा ।
अजनि च यन्मयं तदविमुच्य नियन्तृ भवेत्,
सममनुजानतां यदमतं मतदुष्टतया ॥३०॥

अगणित जीववर्ग यदि व्यापक हुन्छ भने,
अनि सब शास्यता नियम भङ्ग अवश्य हुने ।
विकृति हुने पनि प्रबलपूर्ण भयो यदि यो,
सबल परत्व भङ्ग हुन गै मत दुष्ट छ त्यो ॥

अपरिमिता ध्रुवाः तनुभृतः यदि सर्वगताः= असङ्ख्य नित्य शरीरधारण गर्ने जीवात्माहरू यदि सर्वव्यापक छन्,

तर्हि शास्यता इति नियमः न= त्यसो हो भने परब्रह्म शासक हुनुहुन्छ भन्ने यस्तो वैदिक नियम पनि हुन सक्तैन ।

अतः ध्रुव न इतरथा= यसकारणले निश्चय पनि अरू ब्रह्मादि देवता ध्रुवनित्य शासकतत्त्व हुन सक्दैनन् ।

**अजनि च यन्मयम् तत् विमुच्य नियन्तृ भवेत्**=प्रभुबाट उत्पन्न यो ब्रह्माण्डका पनि जुन प्रभुमय नै भयो र त्यो भू-मण्डललाई दानवादिबाट छुटाएर स्वयं नियन्ता हुनुभयो ।

**सममनुजानतां यत् अमतं मत दुष्टतया**= परब्रह्म प्रभु अरु देवताहरूको समता बताउनेहरूको मत वैदिक अमान्यता हुँदा अयोग्य मत हो र दुष्टता भरिएको मत पनि हो ।

**टिप्पणी**= साङ्ख्यको जीवात्मा व्यापकतत्त्व हो भन्ने कथन र ईश्वर सिद्धि हुँदैन भन्ने कथनले शाष्य-शासकता भाव समेत भङ्ग भएको छ, अतः साङ्ख्यमत वैदिक ईश्वरबाट नभएको हुँदा अमान्यशास्त्र हो । अतः विश्व शासक तत्त्व वैदिकहरूले प्राप्य तत्त्व हुँदा जीवात्माले परब्रह्मको उपासना गर्नु पर्दछ ।

**न घटत उद्भवः प्रकृतिपूरुषयोरजयो-**
**रुभययुजा भवन्त्यसुभृतो जलबुद्बुदवत् ।**
**त्वयि त इमे ततो विविधनामगुणैः परमे,**
**सरित इवार्णवे मधुनि लिल्युरशेषरसाः ॥३१॥**

**घटित हुँदैन उद्भव दुबै चिदचित् स्थिर हुन्,**
**पछि पछि बढ्नु हेतुगत बुद्बुद तुल्य हुनन् ।**
**प्रभुसँग यो रहे विविध नाम गुणान्वितलो,**
**सरित समुद्रमा र मधुमा रस तुल्य गरी ॥**

**अजयोः प्रकृतिपुरुषयोः उद्भवः नघटतः**= अजन्मा प्रकृति र

जीवात्मा, यी दुवैको उत्पत्ति घटित हुँदैन।

**असुभृतः जलबुद्बुदवत् उभययुजा भवन्ति=** प्राणधारी शरीर संयुक्त जीवात्मा जल र वायुका संयोगले पानीमा फोका बनिए झैं प्रकृति पुरुषका संयोगले उत्पन्न हुन्छन्।

**ततः ते इमे त्वयि परमे विविध नामगुणैः भवन्ति=** त्यस-कारणले तिनै यी प्राणीहरू तपाई परब्रह्ममा आधार प्राप्त गरेर विविध नाम विविध गुणहरुले युक्त भएर रहन्छन्।

**अर्णवे सरितः इव मधुनि अशेषरसा; लिल्यु इव=** समुद्रमा नदीहरु मिले जस्तै महमा समस्त पुष्परसहरु मिले जस्तै गरेर लयमा प्रभु-सँग मिल्दछन्।

**टिप्पणी=** मुख्य सृष्टि परतत्व श्रीभगवान्को सृष्टि हो त्यहाँ-देखि पछि प्रजाबढाउने सम्बन्धमा कर्माधिकार अनुसार प्रकृति पुरुषका संयोगले प्रजाहरु बढ्छन्। परब्रह्म जस्तै प्रकृति र पुरष पनि नित्य हुन् र सत्य पनि हुन्, प्रभुले रचना गरेका सृष्टिमा विविध नामले यी सबैको विस्तार हुन्छ। लयमा समुद्रमा नदीहरु र महमा रस मिले जसरी नाम र गुणहरु सहित मिल्दछन्। यसकारण लयमा गएका जीववर्ग पूर्ववास-नालाई पुनः लिएर सृष्टि चक्रमा आउँनुपर्छ, श्रीभगवत् शरणागति पूर्वक कैङ्कर्यपरक भक्ति गर्नेहरु मात्र नित्य मोक्षमा पुग्छन् र सृष्टिमा जन्म लिनु पर्दैन।

**नृषु तव मायया भ्रममभीष्ववगत्य भृशं,**
**त्वयि सुधियोऽभवे दधति भावमनुप्रभवम्।**

कथमनुवर्ततां भवभयं तव यद्भ्रुकुटिः,

सृजति मुहुस्त्रिणेमिरभवच्छरणेषु भयम् ॥३२॥

प्रकृति अतीव जीवकन दुःखदिने बुझियो,

मनदिन प्राज्ञको अनुभवोत्तम योग्य बन्यो ।

सत्रिविध कष्ट ती भवभयात्मक रूप लिन,

प्रभु शरणाश्रयी जबसँगै न त सक्छ छुन ॥

अमोषु नृषु तव मायया भ्रमन् अवगत्य= यी जीवात्माहरूमा हजुरको मायाद्वारा गुणमय वासनान्वित भ्रम उत्पन्न हुन्छ यो जानेर, सुधिय अभवे अनुभवं भाव त्वयि भृश दधति= विद्वान्हरुले मोक्षार्थ अत्यन्त भगवत्प्रभाव प्रदान गर्ने भाव तपाईं प्रभुमा अत्यन्त एकत्वसँग लगाउँछन् ।

अनुवर्ततां भवभयं कथम्= प्रभुका अनुयायीमा संसारको भय कसरी हुन्छ र !,

तव शरणेषु भयम् अभवत्= प्रभुका शरणागतहरुमा कुनै प्रकार-को भय पनि हुँन सक्तैन ।

त्रिणेमिः यत् भ्रुकुटी मुहुः सृजति= शीत, ग्रीष्म र वर्षा स्वरूप हजुरको कलात्मक भ्रुभङ्ग बारम्बार दुःख उत्पन्न गर्दछ र ? उस-कै समय भित्रमात्र दुःख दिन्छ त्यस्तै श्रीप्रभुको शरणागत नहुनेलाई मात्र भवभय हुन्छ ।

टिप्पणी=परब्रह्मको पक्ष भएर प्रभु चिन्तन नगरेर प्रकृति पक्षको मात्र चिन्तन गर्ने व्यक्तिलाई प्रकृतिले पागलपनमा राख्तछिन् । यो जानेर

रहस्यज्ञ विद्वान् परब्रह्म चिन्तनमा मग्न रहन्छन् । त्यस्ता साधक विद्वान-लाई कालकृत बाधा पनि बाधक बन्न सक्तैनन् अर्थात् एकत्व रहन्छन् । यसकारण भगवत् शरणागतहरूमा प्रकृति प्रकोप भवचक्रको क्यै भय हुँदैन । अतः मुमुक्षुले नित्य भगवत् चिन्तनमा लाग्नु पर्दछ,मोक्ष स्थिर हुन्छ ।

विजितहृषीकवायुभिरदान्तमनस्तुरगं,
य इह यतन्ति यन्तुमतिलोलमुपायखिदः ।
व्यसनशतान्विताः समवहाय गुरोश्चरणं,
वणिज इवाज सन्त्यक्तकर्णधरा जलधौ ॥३३॥

**जितुँ म त प्राण-इन्द्रिय मनेर मनस्तुरग,**
**जुन जन यत्न गर्छ उ भयो मति खेदयुत ।**
**गुरुचरणाश्रयी नभइ साधक सिद्ध हुन,**
**वणिज महो !! मलाह नलिई तरुँ सिन्धु सम ।!**

**इह ये विजितहृषीकवायुभिः अदान्त मनस्तुरगं यन्तु यतति=** यहाँ जुन साधक इन्द्रियहरु सहीत प्राणहरु जितेर वशमा गर्न नसकिने दुष्ट घोडा जस्तो मन जित्न यत्न गर्दछन् ।

**मतिलोलम् उपायखिदः=** तो मति मन्द मुख्य उपायमा नहुँदा खेदयुक्त हुन् ।

**व्यसनशतान्विताः=** सयकडौं व्यसन संयुक्त ती व्यक्ति गुरुका चरणारविन्दको समाश्रयण स्वीकार नगरेर,

अज ! जलधौ अकृत कर्णधराः वणिज इव सन्ति= हे नित्य स्वरूप प्रभो ! सागरमा नाविक–मलाहाको आधार नलिई तर्न इच्छा बर्ने व्यापारी जस्तै हुन्छन् ।

टिप्पणी= अष्टाङ्ग योगका सबै नियम संग प्राणायाम गर्दै मन जित्न स्वयं लाग्दछ तर गुरु चरणारविन्दको कृपा कटाक्षलाई वास्ता राख्दैन भने त्यो मतिमन्द व्यक्ति योगमा सफल हुँदैन । जस्तै–मलाहा विना सागर तर्न इच्छागर्ने व्यापारी असफल रहन्छ । अतः योगानुयायीले पनि अन्तर्यामित्व स्वीकार गरेर गुरुचरणारविन्दको कृपा अवलम्बन गर्नु पर्दछ र मोक्षाधिकार प्राप्त हुन्छ ।

स्वजनसुतात्मदारधनधामधरासुरथै–
स्त्वयि सति किं नृणां श्रयत आत्मनि सर्वरसे ।
इति सदजानतां मिथुनतो रतये चरतां,
सुखयति को न्विह स्वविहते स्वनिरस्तभगे ॥३४॥

स्वजनसुतात्मदार धन–धान्य धरादि रथ,
प्रभुसंग आश्रयोत्तम महान् सब दिव्य रस ।
नबुझि सदात्म तत्त्व किन हो मिथुनी सुखको,
किन हित छोड्छ त्यो अहितमात्र अँगालि अहो ॥

स्वजनसुतात्मदारधनधामधरासुरथैः= आफना बन्धु, पुत्र, स्वयं पत्नी, धन–धान्य, स्वर्गादिधाम र सुन्दर वाहनहरुले,

नृणां सर्वरसे श्रयते आत्मनि त्वयि सति किम्= मनुष्यहरूका

निमित्त सर्वरस शरण्य परमात्मतत्त्व हजुर हुँदाहुँदै के प्रयोजन छ र ?

**इति सत् अजानताम्**— यस्ताप्रकारले परब्रह्मको नित्य सत्यत्व न जान्ने भएका ।

**मिथुनतः रतये चरताम्**— युग्म रति आनन्दमा विचरण गर्ने भएका व्यक्तिहरुका निमित्त,

**स्वनिरस्त भगो स्वविहिते इह कः नु सुखयति**— स्वयं ऐश्वर्य रहित स्वयं नष्ट हुने भएका यो लोकमा को निश्चय सुख प्रदान गर्न सक्त छ र ? (अर्थात् कुनै पनि श्रीभगवत् विचार विहीन सम्बन्धले नित्य सुख प्रदान गर्न सक्तैन)

**टिप्पणी**:— सर्वरस सम्पन्न प्रभुका शरणमा हुने साधकलाई जो नित्य आनन्द प्राप्त हुन सक्त छ त्यस्तो सुख स्त्री पुत्रादि आफ्नाबाट र धन-धान्य भवनादि एवं इन्द्रिय संयोगले हुने स्वतः नष्ट सुखबाट त्यस्तो सुख पूर्ति हुन सक्तैन । अतः श्रीभगवान्का पक्ष भएर भक्तिरसमा डुब्दै नित्यानन्दका पक्षमा ढल्कनु पर्दछ ।

**भुवि पुरुपुण्यतीर्थसदनान्यृषयो विमदा-**
**स्त उत भवत्पदाम्बुजहृदोऽघभिदङ्घ्रि जलाः ।**
**दधति सकृन्मनस्त्वयि य आत्मनि नित्यसुखे,**
**न पुनरुपासते पुरुषसारहरावसथान् ॥३५॥**

**यस जगमित्र तीर्थ ऋषि सङ्गत सेवनले,**
**पर दृढ ती पदाब्ज सुखले अघ नाश गरे ।**

**कति कति चित्त स्वस्थसँगलाई सुखान्वित भो,**

**पुनरपि सेव्य अन्य नहुँदा न त सार गयो ।।**

**विमदाः भवत्–पदाम्बुजहृदः अघभिद अङ्घ्रिजलाः**= कुनै प्रकारका अभिमान नभएका हजुरका पादारविन्दहृदयमा विराजमान भएका पापनाशक प्रभुका पदकमल जलले सिञ्चित भएका,

**ते ऋषयः भुवि उत**= ती ऋषिवर्यहरू यस पृथिवीमा निश्चय पनि,

**पुरुपुण्यतीर्थसदनानि**= महान् पुण्यप्रद तीर्थमा गरिएका सत्सङ्ग र आश्रमहरुमा गरिने आचार, भगवत्तत्त्व विचारादि पवित्र कर्तव्यहरू परतत्त्वका प्रसन्नार्थमात्र गरिन्छन् ।

**ये नित्य सुखे आत्मनि त्वयि सकृत मन दधति**= जुन मुमुक्षुहरूले नित्य सुख स्वरूप परतत्त्व हजुरमा एक पटकसम्म पनि मन लगाउँदछन् भने,

**पुरुषसारहरावसथान् पुनः न उपासते**= जीवात्माको सार स्वरूपस्मृतिको रहस्य ज्ञान नाशक सुखैश्वर्यको अभिमानहरूलाई पुनः उपासना गर्दैन ।

**टिप्पणी**= ऋषिवर्यहरू पृथ्वीमा प्राप्त हुने सबै सुख ऐश्वर्यहरू श्रीभगवत्प्रियार्थ गरिने पादारविन्दका सेवाका प्रसादरूपमा स्वीकार गर्दछन् । जुन भक्तले क्षणभर श्रीप्रभुमा यथार्थरूपले मन लगाउँदछन् भने जीवात्माको सार नष्ट पार्ने प्रकृतिका पक्षलाई जित्दछन् । यस्ता गौरवपूर्ण नित्य आनन्द प्रदान गर्ने प्रभुमा सधैं जीवन लगाउँन प्रयत्न गर्नु पर्दछ र प्रकृति पक्ष हुने मन घटाउनु पर्दछ ।

सत इदमुत्थितं सदिति चेन्ननु तर्कहतं,
व्यभिचरति क्व च क्व च मृषा न तथोभययुक् ।
व्यवहृतये विकल्प इषितोऽन्धपरम्परया,
भ्रमयति भारती त उरुवृत्तिभिरुक्थजडान् ॥३६॥

प्रकटित विश्व सत्कृत हुँदा सब सत्य छ यो,
भनि सब ठिक्क भो तर हुँदैन नभन्नु अहो ।
कथब अनेक ता मनगढन्त समेत हुनन्,
अधिकृत तर्कमा उभयभाव अवश्य हुनन् ॥

इदम् उत्थितं इति तु= यो उत्पन्न जगत् सत्य हो यस्तो ता,

सत उत्थितम्= सत्य स्वरूप परब्रह्मदेखि उत्पन्न भएको हुँदा भनिएको हो ।

चेत् न तर्क हतम्=होइन भन्ने हो भने तर्कबाट खण्डित भएको हो,

क्व च व्यभिचरति क्व च मृषा= कहीं व्यवहारमा प्रत्यक्ष देखिएको कहीं व्यर्थ हुन्छ र ? जस्तै—सुवर्णका गहना ।

न तथा उभययुक्= निश्चित नै हुन्छ दोहोरो विकल्प हुँदैन (गहना बनिएको सुवर्ण सुन हुने पनि, नहुने पनि यस्तो विकल्प हुन्छ र ? अर्थात् हुँदैन ।)

अन्धपरम्परया इषितः व्यवहृतये विकल्पः=अन्धपरम्पराका कारणले सूत्रित व्यवहार विकल्प हुन्छ ।

उक्थ जडान् उरु वृत्तिभिः= ती परम्परा सम्बन्ध मूर्खहरूलाई अनेकौं दुष्टवृत्तिहरुका कारणले

भारती भ्रमयति—बुझ्न नसक्ता शास्त्र वाणीले भ्रममा पार्दछन्,

टिप्पणी— परब्रह्म सत्य हुनुहुन्छ वहाँदेखि भएका सृष्टिहरू सत्य हुन्-नित्य हुन् । कसैले ठुटोलाई बाघ हो भन्यो भने भ्रमपूर्ण अन्धपरम्पराले भनेको हो । भ्रममा नरहने, अन्धपरम्परा उक्तिलाई मात्र मान्यता नदिने यथार्थ परम्पराका आचार्यहरूले निश्चय गरेकालाई सम्मान गर्ने त्यो ठुटो हो, बाघ होइन भन्दा सत्य मान्दछन् र त्यै सत्य हो । बाघ हो भन्ने अन्धपरम्पराको भ्रम हो । सुसत्य शास्त्रज्ञाताका पक्षमा मुमुक्षुहरूले विश्वास गर्नुपर्दछ, भ्रममा पार्ने अन्धपरम्परामा लाग्नु हुँदैन । रहस्यमय सिद्धान्तमा उल्टो विश्वास गराउनेबाट बँच्नु पर्दछ ।

न यदिदमग्र आस न भविष्यदतो निधना-
दनुमितमन्तरा त्वयि विभाति मृषैकरसे ।
अत उपमीयते द्रविणजाति विकल्पपथै,
र्वितथमनोविलासमृतमित्यवयन्त्यबुधाः ॥३७॥

सब जग यो अघि प्रभुसँगै पछि यो लय छ,
अनुभव मध्य मो प्रभु मयात्मक सत्य रस ।
जसरि सुधातु मध्य अरु वस्तु हुनन् स्थिरता,
बुधजन स्पष्ट छन् विषय सत्य भनेर सफा ॥

यत् इदम् अग्रे न आस— यो प्रत्यक्ष देखिर्दै गरेको जगत् अभिलयका अवस्थामा थिएन ।

अतः भविष्यत् न— वर्तमान अवस्थादेखि पछि भविष्यमा पनि

रहने छैन यै कारणले,

**निधनात् मृषा विभाति**= लयावस्थादेखि बीचको अवस्था पनि दुवै अवस्थाका अनुमानले असत्य प्रतीत हुन्छ, तर–

**एक रसे त्वयि ऋतम् अनुमितम्**=एक रस रहने प्रभुमा विश्वको सृष्टि स्थिति र प्रलय आधारित हुँदा यो जगत् सत्य छ प्रमाण सिद्ध गर्ने वैदिकहरूले यै अनुमान गरेका छन्।

**अतः द्रविण जाति विकल्पपथैः उपमीयते**= यस्तो कारण हुँदा मूल धनद्रव्य (ठोस पदार्थ) सुवर्ण, लौहादि धातुहरूबाट गहना औजार आदि विकल्प उपकरण निर्मित गर्दा पनि यी बनिसकेका उपकरण यै नै पूर्व ठोस द्रव्य हो भनेर स्वीकार गरिने उपमा यहाँ स्वीकार गरिन्छ।

**इति अबुधाः वितथमनोविलासम् अवयन्ति**=यस्तो रहस्यमय सिद्धान्तलाई पनि शास्त्रीय रहस्य सिद्धान्तमा मूर्ख रहेका विद्वान्हरू आफूले कल्पना फिजाएका असत्य संसार भन्ने मनोविलासलाई प्रचार गर्दछन्।

**टिप्पणी**= सृष्टिभन्दा पूर्व पनि सूक्ष्मतत्त्व बीजका रूपमा एकरस प्रभुसँग यो जगत् थियो पछि लयमा पनि उस्तै सूक्ष्म सत्य र बीजस्वरूप रहन्छ त्यै कारणले सृष्टिमा पनि यो जगत् सत्य छ, यै हुँदा घनद्रव्य धातुहरुको विकृति गहना र औजारमा उदाहरण बुझेर उट्पटाङ बताउने काल्पनिक पक्ष जेसुकै बताउँदछन् पत्याउनु हुँदैन, श्रीनारायण परम्परालाई सम्मान गरेर मोक्ष धर्म स्वीकार गर्नुपर्दछ।

**स यदजया त्वजामनुशयीत गुणांश्च जुषन्,**
**भजति सरूपतां तदनु मृत्युमपेतभगः।**

त्वमुत जहासि तामहिरिव त्वचमात्तभगो,

महसि महीयसेऽष्ट गुणितेऽपरिमेयभगः ॥३८॥

प्रकृति लियो पछी गुणसँगै प्रभु सुत्नु भयो,

अनि पछि मृत्युजीत, सम भै निज रूप बन्यो ।

अहिसरि काँचुली बदलिदा पनि प्राप्त सब,

महति प्रभावले गुणविशिष्ट परेश अभ्र ॥

स अपेत भग. तु= ऊ परब्रह्म प्रभु प्रकृतिका सबै ऐश्वर्यलाई पान गर्दै अनि,

यत् अजया गुणां च जुषन् अजाम् अनुशयीत= जुन परब्रह्म स्वरूपले सम्पूर्ण गुणहरू पनि प्रीति पूर्वक स्वीकार गर्दै,

तत् अनुमृत्यु जुषन् सरूपतां भजति= त्यसपछि मृत्युलाई पनि पान गरेर आपना अनेक गुणहरुले युक्त दिव्य विग्रह स्वीकार गर्नुहुन्छ ।

उत अत्तभगः त्वम् अहिः त्वचम् इव तां जहासि= निश्चय पनि सकल ऐश्वर्य सम्पन्न हजुर सर्पले काँचुली बदले जस्तै गरेर त्यो प्रकृतिलाई परित्याग गर्नुहुन्छ अर्थात् काँचुली त्याग्दा सर्पको स्वरूप अघि जस्तो उस्तै थियो हुन्छ, त्यस्तै प्रकारले प्रकृति त्याग्दा सुसत्य परब्रह्म उस्तै रहनुहुन्छ र,

अपरिमेय भगः अष्ट गुणिते महीयसे महसि= अनुमान गर्न नसकिने ऐश्वर्ययुक्त प्रभु अष्टैश्वर्यले परिगणना गरिने महान् दिव्य अनन्त ऐश्वर्य सम्पन्न भएर सुशोभित हुनुहुन्छ ।

टिप्पणी= प्रकृतिका गुण सहित ऐश्वर्य आफूमा लय गर्दै ती

प्राकृत वस्तुहरूको प्रभुमा कयै पनि असर पर्दैन अर्थात् प्रकृतिका विकृतिले प्रभुलाई विकृत गराउन सक्तैन। सृष्टि गर्दा पनि प्रभुको स्वरूप कयै पनि घट्दैन जस्तै काँचुली बदलिँदा सर्प जस्ताको त्यस्तै रहन्छ। अतः अविकृत तत्त्व परब्रह्मको शरणागति स्वीकार गरेर नित्य प्रभुमा भर पर्नु पर्दछ।

यदि न समुद्धरन्ति यतयो हृदि कामजटा,
दुरधिगमोऽसतां हृदि गतोऽस्मृतकण्ठमणिः।
असुतृप्योगिनामुभयतोऽप्यसुखं भगवन्-
ननपगतान्तकादनधिरूढपदाद् भवतः ॥३६॥

हृदय खुलेन बन्धन बनी यदि योगि-जन,
न त प्रभु भेट्छ भूल मणि हृद्गत तुल्यपन।
असुतृप कष्ट खप्छ उभयत्र अगाधमय,
प्रभु-पदप्रेमहीन परला अति मृत्यु भय ॥

यतयः हृदि कामजटा न सम् उद्धरन्ति यदि=यदि यतिवरहरू हृदयमा स्थित कामवासना परिपूर्ण त्याग गर्दैनन् भने,

अस्मृत कण्ठमणिः इव हृदिगत असताम् दुरधिगमः=गलामा लगाएको मणि विस्मृत हुनेले प्राप्त गर्न नसके सरह असत् कामवासन हुने साधकलाई हृदयस्थ प्रभु दुष्प्राप्य हुनुहुन्छ।

भगवन्! असुतृपयोगिनाम् उभयतः अपि असुखम्= हे भगवन्! म खाऊँ, मैं लाऊँ भन्दै आफ्नै प्राण पोषण मात्र गर्ने योगीहरूका निमित्त यो लोक र परलोक दुवैमा पनि सुख मिल्न सक्तैन।

**भवतः अनधिरूढपदात् अनपगतान्तकात्**— हजुरको स्वरूप र आफ्नो स्वरूपज्ञानका लागि गुरुचरण सेवामा पुगेर त्यो ज्ञानको पद प्रतिष्ठा देखि विहीन र श्रीभगवान्‌का आज्ञा स्वरूप त्याज्य विरोधी भाव नबुझ्दा देहान्तको यमदण्ड ज्ञानदेखि विहीन व्यक्तिहरूले दुबैलोकमा सुख प्राप्त गर्दैनन् ।

**टिप्पणी**— यदि यति-धर्ममा प्रवेश भएर पनि ती यतिले काम वासनाको स्मरण चिन्तन मात्र गरिराख्तछन् भने तिनले परब्रह्म प्राप्तिरूप मोक्ष प्राप्त गर्न सक्तैनन् । यद्यपि परब्रह्मको अन्तर्यामित्व आफ्नै जीव भित्र हृदयमा विराजमान रहेको हुन्छ जरतै विस्मृति भयो भने आफ्नै गलामा लगाएरको मणिमाला पनि अन्यत्र छ कि भनेर खोज्न हिंड्दछन् त्यस्तै ईश्वर विस्मृतिको मुख्य कारण कामवासनाको चिन्तना हो । यदि प्रसादीरूप भोज्य अन्नवस्त्रादि पुगेसम्म वितरण नगरेर केवल मैं खाऊँ, मैं लाऊँ भनेर अरुलाई ठग्दछ भने त्यो व्यक्ति दुबै लोकमा सुख भोग्न पाउँदैन । म पनि निश्चय नै मर्नेछु भन्ने विश्वास लिएर ईश्वरको अनुयायी हुँदै कर्तव्य गर्नुपर्दछ । यस्तो भाव नलिनेहरू सधैं मृत्यु चक्रमा पर्दछन् ।

**त्वदवगमी न वेत्ति भवदुत्थशुभाशुभयो-**
**र्गुणविगुणान्वयांस्तर्हि देहभृतां च गिरः ।**
**अनुयुगमन्वहं सगुण गीतपरम्परया,**
**श्रवणभृतो यतस्त्वमपवर्गगतिर्मनुजैः ॥४०॥**

**प्रभु नबुझी गुणास्त्र सुख दुःख ऊ बाट हुने,**
**न त बुझला तथापि जप कीर्तन योग्य हुने ।**

**अनुयुग बितय ईश गुणगौरव सुन्दछ ता,**
**अनि प्रभु मोक्षदायक हुने बनि साध्ययता ।।**

**देहभृताम् त्वद् गिरः अवगमीर्तहि**=देहधारण गर्ने मानव मात्र का लागि हजुरका उपदेशमय विधिनिषेध वाणी हुन् र ती स्वीकार गर्नु पर्नेमा नजान्ने र स्वीकार नगर्ने भए भने,

**गुणाविगुणान्वयान् भवत् उत्थशुभाशुभयोः नवेत्ति**=सात्त्विक शास्त्र विधानका वाणी गुणमय र त्यागार्थ उपदेश भएका वाणी पालन गर्दा गुण रहित बनिने शास्त्रोपदेशमा सम्बद्ध हजुरका उपदेशबाट उत्पन्न हुने शुभ स्वर्ग वैकुण्ठादि र अशुभ नरक नीचयोनी प्राप्ति आदि यी दुबै पक्ष बुझ्दैन ।

**यतः मनुजैः सगुणगीत परम्परया अनुयुगम् अन्त्रहं श्रवणभृतः** = यस कारणले मानव जातिले श्रीभगवत्गुण समूहका गीत परम्परा भएका सत्सङ्गले प्रतियुग प्रतिदिन श्रवण पूवक रहस्य धारण गर्ने भएका साधक-का लागि,

**त्वम् अपवर्ग गतिः**= हजुर स्वयं मोक्षगतिप्रद हुनुहुन्छ ।

**टिप्पणी**= स्वस्वरूपको ज्ञान हुँदा परस्वरूपको ज्ञान आवश्यक मान्दछ तर यी दुबैको मतलब बुझ्यो भने गुण र अवगुणले हुने हानि बुझ्न सक्तछ र ईश्वर तत्वमा संलग्न हुन्छ । यस्तो नहुँदा पनि श्रीभगवान्का नाम गुणहरूको कीर्तनमा सलग्न रहन्छ भने त्यो साधकले प्रकृति बन्धन भित्र रहँदा बनिने वासना नाश गर्दछ र मोक्ष प्राप्त गर्दछ । अतः अज्ञानीले पनि श्रीभगवत् कीर्तनमा संलग्न हुन प्रयत्न गरोस् यो कर्तव्यले मानव जीवनको लक्ष्यलाई सहयोग पुऱ्याउँदछ ।

द्युपतय एव ते न ययुरन्तमनन्ततया,

त्वमपि यदन्तराण्डनिचया ननु सावरणाः ।

ख इव रजांसि वान्ति वयसा सह यच्छ्रुतय-

स्त्वयि हि फलन्त्यतन्निरसनेन भवन्निधनाः ॥४१॥

प्रभुपद देवले न त बुझे उ अनन्त हुँदा,

उसप्रति अण्डसाथ सब आवरणादि सदा ।

गति लिएर घुम्नु कण झैं श्रुतिको पथ भो,

फलित निषेधवाक्य लिन मात्र समन्वय भो ॥

ननु यत् त्वम् अपि सावरणाः अन्तरा अण्डनिचया=निश्चय जुन परब्रह्म तपाईं नै हुनुहुन्छ र सप्तावरण सहित यो भू-मण्डलका साथ अण्डकटाह पनि चयन गर्नुहुन्छ, अतः

अनन्ततया द्युपतय एव ते अन्तम् न ययुः=हजुर अनन्त हुनाले समस्त देवताहरुले पनि हजुरको सीमान्त मानिने तत्त्वात्मक स्वरुप जान्न सकेनन्,

खे रजांसि इव वयसा सह वान्ति= आकाशमा धूलका कणहरु सरह कालचक्रका साथ घुम्दछन् ।

हि श्रुतयः अपि यत् त्वयि= निश्चय नै श्रुतिहरु पनि जुन हजुरमा,

अतत् निरसनेन भवन् निधनाः फलन्ति= 'न इति न इति, भन्ने उपनिषद् वाक्यले निषेध गर्दै अर्थात् यति मात्र प्रभुको महिमा

होइन अरु पनि विशेष महिमा अवशिष्ट छन् भन्दै विश्राम लिने तात्पर्य-वृत्तिले पर्यवसान लिन्छन् अथवा विश्राम गर्दछन् ।

**टिप्पणी**—परब्रह्मतत्त्वमा ज्ञानबलादि षडैश्वर्य र स्थैर्य धैर्यवात्सल्या-दिगुणहरु सहित अनेकौं दिव्यगुणहरु विद्यमान रहन्छन् । यस्तो रहस्यमय भगवत्तत्त्वको दिव्यवैभव ज्ञान देवताहरूमा पनि परिपूर्णरुपले रहेको हुँदैन, प्रभुबाट विश्व ब्रह्माण्ड नै रचना भएको हुन्छ । ब्रह्मादि देवताहरु पनि आकाशमा धुलाका कणहरू उडेझैं कालचक्रमा घुम्दछन् । यै रहस्य हुँदा श्रुतिहरु पनि तात्पर्यवृत्ति यै हो, यति मात्र प्रभुको गुण होइन यो भन्दा पनि अरु छ भन्दै प्रतिपादन गर्दछन् अर्थात् जति भगवत् तत्त्व बुझे पनि, जति कैङ्कर्य गर्न सके पनि, जति नाम कीर्तन गुण कीर्तन गर्न सके पनि, जति रहस्यमय कथा सुने पनि अरु धेरै गर्न पाए हुने थियो भन्ने भावना राखेर भक्ति गर्नु मानव जीवनको परम कर्तव्य हो । यस्ता भावनाले मुमुक्षु जीवन सार्थक हुन्छ ।

**श्रीभगवानुवाचः—**

**इत्येतद् ब्रह्मणः पुत्रा आश्रुत्यात्मानुशासनम् ।**
**सनन्दनमथानर्चुः सिद्धा ज्ञात्वाऽऽत्मनो गतिम् ॥४२॥**

**ब्रह्माका पुत्रले सुन्दा यस्तो यो श्रुति शासन ।**
**पूजा-सनन्दन गरे आत्म ज्ञानी भइकन ॥**

श्रीभगवान् नारायण भन्नुहुन्छ— हे देवर्षी ! यसरी ब्रह्माका पुत्र सनकादि ऋषिहरूले सत्सङ्गति गर्नुभयो । उक्त सत्सङ्गतिमा आत्मरहस्य र आत्मानुगतिलाई सनक, सनातन र सनत्कुमार सिद्धहरूले सुनेर सनन्दन ऋषिलाई पूजा गरे ।

इत्यशेषसमाम्नाय पुराणोपनिषद्रसः ।
समुद्धृतः पूर्वजातैर्व्योमयानैर्महात्मभिः ४३॥

यो शेष वेदको जान्नु पुराणोपनिषद् रस ।
पूर्वव्योमी महर्षिले प्रतिपादित सद्रस ॥

यस प्रकार श्रुति प्रतिपादित समस्त वेद सहित पुराण र उपनिषद् समुच्चयको रस आकाश मार्गले विचरण गर्ने भएका पूर्वज सनकादि महर्षिहरूले असल प्रकारले उद्धरण गर्नुभयो ।

त्वं चैतद् ब्रह्मदायाद श्रद्धयाऽऽत्मानुशासनम् ।
धारयंश्चर मां कामं कामानां भर्जनं नृणाम् ॥४४॥

ब्रह्मपुत्र ! तिमीलेऊ श्रद्धाले आत्मतत्व यो ।
कामनाशक यो विद्या ली पृथ्वी घुम्नु सम्झ यो ॥

हे ब्रह्मतत्त्वलाई प्राप्य मान्ने भएका नारद ! तिमी पनि यो वेदस्तुति अनुशासनपूर्वक श्रद्धाले धारण गर्दै पृथ्वी इच्छानुसार घुम । यो प्रतिपादित तत्व रहस्यले परब्रह्मदेखि इतर मानवका कामनाहरूलाई भुटि दिने छ ।

श्री शुक उवाचः-

एवं स ऋषिणाऽऽदिष्टं गृहीत्वा श्रद्धयाऽऽत्मवान् ।
पूर्णः श्रुतधरो राजन्नाह वीरव्रतो मुनिः ॥४५॥

ऋषि-उक्ति सुनी यस्तो श्रद्धासम्पन्न आत्मवान् ।
राजन् मेधा-व्रतोत्साही पूर्णज्ञ मुनी भन्दछन् ॥

यो सम्बाद जुटाउँदै परीक्षितसँग शुकदेवजी भन्नुहुन्छ — हे राजन् ! यस्ता प्रकारले ऊ नारदमुनि बद्रीकाश्रम निवासी श्रीबद्रीनारायण

भगवान्‌बाट उपविष्ट परब्रह्ममय श्रुतिरहस्य श्रद्धापूर्वक स्वीकार गरेर पूर्ण श्रुतधर आजीवन ब्रह्मचारी आत्मतत्त्वज्ञ नारदमुनि स्वयं भक्तिभावले मनमनै स्तुति गर्नुहुन्छ ।

**नारद उवाचः-**

**नमस्तस्मै भगवते कृष्णायामलकीर्तये ।**
**यो धत्ते सर्वभूतानामभवायोशतीः कलाः ॥४६॥**

**सबै प्राणी मोक्षदिन कलावतार कृष्णको ।**
**उनै श्रीभगवान्‌लाई गर्छु वन्दन स्नेहको ॥**

नारदजी परतत्त्वस्मरण पूर्वक श्रीकृष्णको स्तुति गर्नुहुन्छ — जुन भगवान्‌ले सबै प्राणीहरूका मोक्ष कल्याणका लागि मनोहर कमानीय कला स्वीकार गर्नु भो, यस्ता निर्मल कीर्ति भएका असङ्ख्य दिव्यऐश्वर्य सम्पन्न भगवान् श्रीकृष्णलाई म वन्दना गर्दछु ।

**इत्याद्यमृषिमानम्य तच्छिष्यांश्च महात्मनः ।**
**ततोऽगादाश्रमं साक्षात् पितुर्द्वैपायनस्य मे ॥४७॥**

**यो भन्दै वन्दना गर्दै आद्यर्षि सह शिष्यमा ।**
**अनि नारद जानु भो पिता व्यासाश्रमोत्तम ॥**

यस सबै सम्वादको सम्बन्ध जोडेर शुकदेव भन्नुहुन्छ — नारदमुनि आद्यऋषि श्रीबद्रीनारायण भगवान्‌लाई नम्रनिवेदन (वन्दना) गरेर उनका शिष्य अरु महात्माहरूलाई पनि नमस्कार गर्दै त्यहाँदेखि मेरा पिता साक्षात् भगवत् अवतार द्वैपायन वेदव्यासजीका आश्रममा जानु भयो ।

सभाजितो भगवता कृतासनपरिग्रहः ।

तस्मै तद् वर्णयामास नारायणमुखाच्छ्रुतम् ॥४८॥

**व्यास-सत्कार स्वीकारी बसे आसनमा मुनी ।**

**गरे वर्णन त्यो सारा नारायणोक्त सर्सरी ॥**

श्रीभगवान् वेदव्यासजीले सत्कार गरिएका नारदजीले आसन ग्रहण गर्नु भो र उनलाई श्रीभगवान् नारायणका मुखारविन्ददेखि सुनेको त्यो श्रुतिद्वारा स्तुतिरूपमा विस्तार गरिएको रहस्य परिपूर्ण प्रतिपादन गरेर सुनाउनु भयो ।

इत्येतद् वर्णितं राजन् यन्नः प्रश्नः कृतस्त्वया ।

यथा ब्रह्मण्यनिर्देश्ये निर्गुणेऽपि मनश्चरेत् ॥४६॥

**यो वर्णन भयो राजन् ! प्रश्नानुसार उत्तर ।**

**ब्रह्मगुणोत्तरी भित्र मन लाग्ने क्रमोत्तर ॥**

हे राजन् ! जुन प्रश्न तपाईले मसँग गर्नु भएको थियो त्यो यस-प्रकार जस्ताको त्यस्तो वर्णन गरियो जसरी प्राकृत दृष्टिले दर्शन गर्न नसकिने प्राकृतगुण रहित परब्रह्ममा मन संलग्न हुन्छ, त्यो रहस्य प्रतिपादन भयो ।

योऽस्योत्प्रेक्षक आदिमध्यनिधने योऽव्यक्तजीवेश्वरो ।

यः सृष्ट्वेदमनुप्रविश्य ऋषिणा चक्रेपुरः शास्ति ताः ॥

यं संपद्य जहात्यजामनुशयी सुप्तः कुलायं यथा ।

तं कैवल्यनिरस्तयोनिमभयं ध्यायेदजस्रं हरिम् ॥५०॥

संकल्पेश्वर ! आदिमध्यलयमा भै व्यक्त जीवान्तर ।
जो सृष्टिपछि नै प्रवेश हुनुभो शास्ता शरीरोत्तर,
भेटि त्यावि सुती सुसुप्त सरिका ऊ ईशले जीवका ।
कैवल्यस्थिति नाशि मोक्षद हुने ऊ वन्द्यहुन् भक्तका ।।

यः अस्य आदिमध्य निधने उत्प्रेक्षकः=जुन भगवान् यस जगत्‌को आदि–सृष्टि, मध्यपालनमा र अन्त्य संहारका सबै कर्तव्यका लागि संकल्प–पूर्वक नेत्र कटाक्षकर्ता हुनुहुन्छ ।

यः अव्यक्त जीवेश्वरः=जुन परब्रह्म प्रकृति र जीवात्माका ईश्वर हुनुहुन्छ ।

यः इदं सृष्ट्वा ऋषिणा ताः पुरः चक्रे = जुन प्रभुले यो जगत् सृष्टि गरेर जीव समूहले सहित प्रकृतितत्त्वको विकृत पृथ्वी, तेज वायु आदिले संयुक्त शरीर निर्माण गर्नुभयो र,

इदम् अनुप्रविश्य= यो निर्मित शरीरमा अनुप्रवेश गर्नुभयो,

यं सम्पद्य अनुशयी अजाम् जहाति= जुन प्राप्य प्रभुलाई शरणागति असल प्रकारले प्राप्त गरेर अनुसरणलिने अर्थात् यथार्थ भर पर्ने जीवात्माले प्रकृति परित्याग गर्दछ ।

यथा सुप्तः कुलायं कैवल्यनिरस्तयोनिम् अभयम्= जस्तै सुतेको मनुष्य सुसुप्ति अवस्थामा आनन्द मान्दछ त्यस्तो कैवल्य मोक्ष प्राप्त गर्नेलाई शुद्ध जीवज्योति समाधिमा प्राप्त गर्दा मिल्दछ त्यो मोक्ष साधारण हुँदा निरस्त पार्ने आधारस्वरूप प्रभु अभय सायुज्य नामक समान श्रीभगवत् स्वरूपको आनन्द प्रदाता हुनुहुन्छ, यस्ता

हरिम् अजस्रं ध्यायेत्= श्रीहरि भगवान्लाई सधैं नै अत्यन्त स्नेहपूर्वक नित्य ध्यान गरोस् ।

टिप्पणी=परतत्त्व स्वरूप ब्रह्मनिर्णय गर्दा ब्रह्मसूत्रमा "जन्माद्यस्य यत:" (१/१/२)भनेर जगत्को सृष्टि, स्थिति र प्रलय गर्ने कारण तत्त्वलाई निश्चय गरिएको छ, त्यै सिद्धान्त यहाँ पनि स्थिर गरिएको पाइन्छ । अर्थात् श्रीमन्नारायण नै परतत्त्व हुनुहुन्छ, उनै परतत्त्वका आधारमा प्रकृति र जीवात्माहरू रहन्छन् ।

यस संसारमा प्रकृतिको पक्ष लिंदासम्म जीवात्माको लक्ष्य पूर्ति हुँदैन । उसले लक्ष्य पूर्ति पार्न मोक्ष मार्गलाई स्वीकार गरेर परतत्त्व श्रीमन्नारायणको भरपूर्वक शरणागति स्वीकार गर्दा सायुज्य मोक्ष प्राप्त हुन्छ । साङ्ख्योक्त जीवोपासक कैवल्यमोक्ष न्यून मूल्याङ्कनको हुँदा सुसुप्तिको आनन्द जस्तो त्यो कैवल्यमोक्ष निरस्त पार्ने श्रीमन्नारायणको नित्य ध्यान हो । यो रहस्य यस वेदस्तुतिमा यथार्थं निर्णय भएको छ ।

❀ श्रीकृष्णाऽर्पणमस्तु ❀